# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४ ] काठमाडौं, वैशाख ११ गते २०३१ साल [ अतिरिक्ताङ्क ३


श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिचाइ मन्त्रालयको

### सूचना

धान र चामल नियन्त्रण आदेश, २०३१

आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को दफा ३ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस आदेशको नाम "धान र चामल नियन्त्रण आदेश, २०३१" रहेको छ ।

(२) यो आदेश सगरमाथा अञ्चलका सिराहा र सप्तरी जिल्लामा मात्र लागू हुनेछ ।

(३) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा–

(क) "ऐन" भन्नाले आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ सम्झनु पर्छ ।

(ख) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारी सम्झनु पर्छ ।

३. धान र चामलमा नियन्त्रणः– यो आदेशको अन्य दफामा व्यवस्था भएबमोजिम बाहेक यो आदेश प्रारम्भ भएपछि धान र चामलको खरीद बिक्री वा अरू तरीकाले हस्तान्तरण वा विदेश वा जिल्ला बाहिर निकासी गर्न नियन्त्रण गरिएको छ ।

तर कुनै खुद्रा पसलेले वा फेरीवालाले श्री ५ को सरकारले तोकी दिएको दरभाउमा र त्यसरी दरभाउ नतोकिएकोमा आदेश प्रारम्भहुँदा कायम रहेको दरभाउमा नबढाइ जनसाधारणको दैनिक उपभोगका लागि एक कारोबारमा एक मनसम्म धान वा आधा मनसम्म चामल खुद्रा बिक्री गर्न प्रतिबन्ध भएको मानिने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

४. स्टकको विवरण दिनु पर्नेः– (१) यो आदेश जारी भएको पाँच दिनभित्र मिल मालिक गोलावाला वा थोक व्यापारीहरूले आफूसंग रहेको वा बैंक वा अरू कसैसंग धितो बन्धक राखेको धान र चामलको स्टकको समेत स्थानीय अधिकारी समक्ष निजले निदश दिए-बमोजिम खुलाइ विवरण दिनु पर्नेछ ।

(२) उप–दफा (१) बमोजिम प्राप्त भएको विवरण ठीक छ छैन भनी जाँच गर्न अधिकार स्थानीय अधिकारीलाई हुनेछ ।

(३) उप–दफा (१) बमोजिम दिइएको विवरणबमोजिमको स्टकको खरीद बिक्री वा अरु तरीकाले हस्तान्तरण वा विदेश वा जिल्ला बाहिर निकासी श्री ५ को सरकारको लिखित आदेश बेगर गर्न पाइने छैन ।

(४) बैंकहरूले यो आदेश प्रारम्भहुँदा आफू कहाँ धितो रहेको धान र चामलको स्टक स्थानीय अधिकारीको पूर्व स्वीकृति नलिई फिर्ता गर्नु हुँदैन ।

५. अभिलेख (रेकर्ड) र बहीखाता पेश गर्नु पर्नेः– स्थानीय अधिकारीले आवश्यक देखेमा कुनै मिल मालिक, गोलावाला वा थोक व्यापारीलाई धान र चामलको स्टकको सक्कल अभिलेख (रेकर्ड) र बहीखाता पेश गर्न लगाउन सक्नेछ र सोबमोजिम गर्नु गराउनु निजहरूको कर्तव्य हुनेछ ।

तर कुनै बैंकले त्यस्तो अभिलेख (रेकर्ड) र बहीखाता पेश गर्दा त्यसको सम्बन्धित अंशको प्रतिलिपि मात्र दिए पुग्नेछ ।

६. मिल मालिक र गोदामवालाको जिम्मेवारीः– (१) यस आदेशको प्रयोजनको लागि मिल मालिकले भाउ काटी नसकेको वा भाउ काटेको भए पनि मोल दिई नसकेको अरू किसान व्यापारीले मिललाई बिक्री गर्न दिएको धान चामल मिल मालिककै मानिनेछ र सो स्टकका सम्बन्धमा यो आदेशको व्यवस्था लागू हुनेछ ।

(२) कुनै गोदामवालाको गोदाममा अरु कुनै व्यक्तिको यस आदेशबमोजिम विवरण दिनु पर्ने धान चामलको स्टक यो आदेश बर्खिलाफ हिनामिना हुन नदिन सो गोदामवालाको समेत जिम्मेवारी हुनेछ ।

७. खानतलाशी र जफत गर्ने अधिकारः– यस आदेशको दफा ४ बमोजिम विवरण नदिई दबाए छिपाएको वा विवरण दिएको भए तापनि यो आदेश उल्लङ्घन हुने गरी घटीबढी पारी स्टक-को विवरण दिएको भन्ने मनासिब माफिकको शंका भएमा स्थानीय अधिकारीले कुनै मिल, गोदाम घर, धनसार वा भकारीको खानतलाशी लिन सक्नेछ र आवश्यक देखेमा सो स्टकलाई जफत गर्न सक्नेछ ।

८. गिरफ्तार गर्ने अधिकारः– कुनै व्यक्तिले ऐन र यस आदेशको बर्खिलाफ कसूर गरेको छ भन्ने विश्वास गर्नु पर्ने मनासिब माफिकको कारण छ भन्ने स्थानीय अधिकारीले ठहऱ्याएमा निजले सो व्यक्तिलाई गिरफ्तार गर्न सक्नेछ ।

आज्ञाले–
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको का.मु. सचिव

९२२

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।